Received Date: March 2025 Revised: April 2025 Accepted: June 2025

# कास्कीकोटका सांस्कृतिक सम्पदाहरू र पर्यटन

**अवतार सुवेदी**
उपप्राध्यापक (ग्रामीण विकास), पाटन संयुक्त क्याम्पस
Email: awatarsubedi@gmail.com
**विमलकुमार खड्का**
उपप्राध्यापक (ग्रामीण विकास), पाटन संयुक्त क्याम्पस
Email:khadka.bimal@gmail.com
Doi: https://doi.org/10.3126/ppj.v5i2.92912

**लेखसार**

कास्की जिल्लाकै नामाकरणमा प्रमुख भूमिका खेलेको कास्कीकोट शाहवंशीय राजाहरूको पनि मूल थलो हो। दक्षिणपट्टि रमणीय फेवाताल अनि उत्तरपट्टि उत्तुङ्ग हिमश्रृंखलाले शोभायमान कास्कीकोट आफ्नो गौरवमय इतिहासका कारणले पनि इतिहासका पानाहरूमा अङ्कित छ। बाइसीचौविसी राजारजौटाको शासनकालको झलक दिने कास्कीकोट किल्ला र त्यहाँ वर्षेनी फूलपातीमा आयोजना गरिने सराङ् खेलले विशिष्ट ऐतिहासिक गौरव बोकेकै छ, त्यसमाथि यसको मौलिक सांस्कृतिक पहिचान पनि रहेको छ। कास्कीकोटदरबार र गुप्तकालिका ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण त छँदै छन्, सांस्कृतिक दृष्टिले पनि यो क्षेत्र धनी छ। कोट, किल्ला, दरबार, मौलो आदि मूर्त सम्पदाहरूका साथमा यहाँका भजन, कर्खा, मालश्री, चाँचरी, गाइने गीत आदि अमूर्त सम्पदाहरुले पनि कास्कीकोटको महिमालाई उजागर गरेका छन्। पोखरा जस्तो पर्यटकीय क्षेत्र यति नजिक भएर पनि यहाँ प्रचलित सराङ् खेल स्थानीय क्षेत्रमा मात्रै सिमित छ, देशव्यापी रुपमा चर्चा बटुल्न सकेको छैन । यहाँका विशिष्ट सांस्कृतिक सम्पदाहरूले पनि उचित सम्मान, चर्चा र महत्व पाएको देखिँदैन। कास्कीकोट र सराङ्कोट एकै पहाडका समतल उचाइका स्थल हुन्। आजभोलि पोखरा उपत्यकामा घुमफिर गर्न पुग्ने पर्यटकहरू एकपटक सूर्योदयको मनोहर अवलोकन गर्न तथा हिमाली लहर दर्शन गर्नका लागि सराङ्कोट अवश्य पुग्दछन् तर उनीहरू यहाँबाट पश्चिममा केवल ५ किलोमिटरको दूरिमा रहेको कास्कीकोटबारे अनभिज्ञ रहन्छन्। अत्यन्त रमणीय, ऐतिहासिक, मूर्त एवं सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण साथै पोखरा-सराङ्कोटहुँदै कास्कीकोट र नागडाँडासम्मको पक्की कालोपत्रे सडक बनिसकेको र पोखराबाट एक एक घण्टाको फरकमा कास्कीकोटसम्म चल्ने बससेवा उपलब्ध भएको कारणले सुगम भएर पनि यो क्षेत्र किन ओझेलमा रह्यो ? खोजीको विषय बनेको छ।

**शब्दकुञ्जीः** किल्ला, कोट, सांस्कृतिक सम्पदा, सराङ्खेल

## परिचय

पोखरा उपत्यकादेखि करिब १५ किलोमिटर पश्चिम र फेवातालको उत्तरी धुरीमा रहेको कास्कीकोट ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिले आकर्षक स्थल हो । शुक्लागण्डकीको उत्तरी दिग्भागमा रहेको ऋषि कश्यपको तपोस्थल कास्कीकोट जति प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ, त्यति नै ऐतिहासिक गौरव र सांस्कृतिक सम्पदाले सम्पन्न पनि छ । गण्डकीक्षेत्रको कला र वास्तुकलामा दरबार निर्माण कलाको पनि विशेष महत्त्व रहेको छ । यी दरबारहरू पहाडको टाकुरामाथि लाम्चा अथवा चारपाटे आकारमा निर्माण गरिएका भेटिन्छन् । दरबारमा आउन जानका लागि एकातिरको भाग बाटोको लागि छुट्याइएको हुन्छ भने बाँकी अरू भागमा ठाडो भीर रहेको हुन्छ । यसप्रकार त्यसबेला बनाइएका दरबार निर्माणको भौगोलिक अवस्थितिबाट तात्कालिक राजाहरूले सुरक्षात्मक पद्धतिलाई पनि प्रमुख रूपमा अनुसरण गरेको पाइन्छ (शर्मा, २०६०:११६)। नेपालमा पहाडको टुप्पामा गढी बनाउने र त्यस स्थानमा देवीदेवताको स्थापना गर्ने, हातहतियार राख्ने, सुरुङ बनाउने र प्रस्तर तथा इँटाको प्रयोग गर्ने चलन रहेको पाइन्छ । कास्कीकोट दरबारमा पनि यहि सुरक्षाको रणनीति अपनाइएको पाइन्छ ।

कास्कीकोटमा राजाको दरबार हुँदा सराङ्कोटमा रक्षकहरु बस्थे र त्यसलाई पूर्वी गौँडो पनि भनिन्थ्यो । कास्कीकोटमा तैनाथ रहेको सेना प्रत्येक बिहान सराङ् खेल्दै पूर्वी गौँडोसम्म पुग्ने र त्यहाँबाट पुनः कास्कीकोटमा फर्किने गर्दा सो गौँडोको नाम नै सराङ्कोट रहन गएको तथ्य पत्ता लागेको छ (सुवेदी, २०६०)। यी र यस्ता अनेकौँ ऐतिहासिक एवं सांस्कृतिक तथ्य र रहस्यहरू यस क्षेत्रमा लुकेका छन् । आफ्नो राज्यलाई शत्रुहरूबाट रक्षागर्न आफ्ना सैनिकहरूलाई तिखारिराख्ने चलन बाइसे चौबीसेहरूमा थियो । भौगोलिक बनावटले पनि कास्की राज्यलाई सैनिकलाई तालिम दिइराख्ने आधार तयार गरेको थियो । कास्कीका सैनिक प्रतिदिन सराङ् खेल्दै ५ किलोमिटरपूर्वको सराङ्कोटसम्म पुगेर त्यहाँका भूमे, देवी भैरव आदिको दर्शन पूजा गरेपछि फेरि कास्कीकोटमै सराङ् खेल्दै फर्किने गर्दथे (सुवेदी, २०६०)। तर सायद नेपालले कास्कीलाई आफूमा विलय गराएपछि यौ पद्धति हरायो । अहिले कास्कीकोटमा बडा दशैंको नवदुर्गाहरूमध्ये सातौं दिन फूलपातीका दिनमा मात्रै कास्कीकोट भन्दा तल पश्चिमपट्टि बस्ने कुँवर क्षेत्रीहरूले सराङ् खेल्छन् ।

यस आलेखमा कास्कीकोटका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिएर ती सम्पदाहरूलाई पर्यटन प्रवर्धनमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई पर्यटनका सम्भावनाका रुपमा र यी सम्पदाहरू त्यहाँ भएर पनि किन पर्टकहरूको उचित प्रवाह कास्कीकोटमा भइरहेको छैन भन्ने कुरालाई प्रमुख बहसको विषय बनाइएको छ ।

## उद्देश्य

नेपालको पर्यटकीय नगरी पोखराको निकटमा रहेर पनि पर्यटकहरूको आकर्षणको गन्तिमा नपरेको कास्कीकोटका विविध सांस्कृतिक आकर्षणका विशेषताहरूको उजागर गर्नु यस लेखको उद्देश्य रहेको छ । सराङ्कोटबाट केवल ५ किलोमिटर पश्चिम र सार्वजनिक बस चल्ने कालोपत्रे सडक समेत रहेको यस स्थलमा के कस्ता सांस्कृतिक सम्पदाका आकर्षणहरू छन् र तिनलाई कसरी पर्यटनमा प्रयोग गर्न सकिन्छ भनेर विश्लेषण गर्नु पनि यस लेखको अभिप्राय रहेको छ ।

## अनुसन्धान विधि

यस अध्ययनको अनुसन्धान विधि अवलोकनात्मक/अन्वेषणात्मक एवं विवरणात्मक छ । ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको अध्ययन गर्दा यिनीहरूको ऐतिहासिक विवेचना गर्नुपर्ने हुनाले ऐतिहासिक अनुसन्धान विधि पनि अपनाइएको छ। मुख्यतया गुणात्मक र विश्लेषणात्मक अनुसन्धान विधिलाई आधार बनाइएको छ।

यस अनुसन्दानका  सामग्रीहरू प्राथमिक र द्वितीयक दुवै तरिकाबाट संकलन गरिएको छ। प्राथमिक स्रोत संकलन विधिमा प्रत्यक्ष अवलोकन, प्रत्यक्ष अन्तर्वार्ता, टेलिफोन अन्तर्वार्ता, पूर्वकालमा गरिएको भ्रमणको स्मरण आदि माध्यममा आधारित छन् भने द्वितीय स्रोतहरुमा प्रकाशित पुस्तक लेख रचना जर्नल पत्रपत्रिकाहरू श्रव्य दृश्यका सामग्रीहरू आदि छन्। पूर्वकालमा गरेको भ्रमणका सन्दर्भमा असहभागितात्मक अवलोकन विधिको माध्यमबाट अवलोकन गरिएको छ।

कास्कीकोटदरबार र गुप्तकालिका क्षेत्रमा जन्मिएर, हुर्किएर अनुभव बटुलेका बयोवृद्ध जानकारहरूसँग त्यस क्षेत्रका सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको विषयमा अन्तर्वार्ता लिएको छ भने स्थानीय क्षेत्रमा बस्ने स्थानीय जानकारहरुसँग  वार्ता गरी सामग्री तथा सूचना संकलन गरिएको छ । पर्यटन व्यवसाय र रोमाञ्चक/साहसिक खेल सम्बन्धी पूर्वाधारको सम्भाव्यता रहे नरहेको विषयमा जानकारी समेत पर्यटन क्षेत्रमा संलग्न  व्यक्तिहरूसँग अन्तर्वार्ताको माध्यमबाट लिइएको छ । सङ्कलित सामग्रीको व्यापकता परीक्षण तथा सही निर्क्योलका लागि एक ज्ञातासँग लिएको अन्तर्वार्ता अर्को ज्ञातासँग लिएको अन्तर्वार्तासँग तुलना गरेर मात्र मूल सामग्रीका रुपमा प्रयोग गरिएको छ। पर्याप्त र यथेस्ट मात्रामा सूचना प्राप्त नभएसम्म टेलिफोन तथा अन्तर्वार्ता माध्यमबाट पनि सूचना संकलन गरिएको छ।

## मुख्य प्राप्ति तथा छलफल

करिब ८००० फुट उचाइमा अवस्थित कास्कीकोट ऐतिहासिक एवं सांस्कृतिक दृष्टिकोणबाट साह्रै महत्त्वको मानिन्छ। कास्कीको नामाकरणसँग सम्बन्धित कश्यप ऋषिको आश्रम वर्तमान कास्कीकोटदेखि पूर्वतर्फको अर्को चुचुरो वा अहिलेको रुमाल झाँक्रीको स्थान भएको पर्वतको चुचुरोलाई प्रमुख कास्की मान्नुपर्ने देखिन्छ। अहिले पनि रुमाल झाँक्रीको स्थान स्वरूप सानो कुटी विद्यमान छ। कुटीको वरिपरि एक सानो पोखरी तथा चौडा पाल्टे परेको हजार जना खेल्न दौडन मिल्ने चौर छ। यस चौरमा बाला चतुर्दशीमा सतबीज छर्ने गरिन्छ।

कास्की जिल्लाको पश्चिमतर्फ कास्कीकोट पर्दछ। जहाँ कास्कीकोट गुप्तकालिकाको  मन्दिर रहेको छ। कास्कीकोट भारतद्वाज गोत्रीय खान शाह ठकुरीहरूको राजदरबार हो। कुलमण्डन शाहले जुक्तिबुद्धि लगाई सानो कास्की राज्यलाई बृहत कास्की बनाएका थिए। आफ्ना पुर्खाहरूले चर्चेको ७००  कास्कीलाई ८ हजार कास्की बनाई कास्कीकोटमा गुप्तकालिका इष्टदेवीको स्थापना गरी दरबार र मन्दिर एकै ठाउँमा बनाउने नयाँ परम्परा कुलमण्डन शाहले चलाएका थिए (सुवेदी, २०६०)।

कास्कीकोटमा कोट, किल्ला, दरवार, मूर्ति, हातहतियार, बाजागाजा, पूजासामग्री, सिँढि, मौलो, मन्दिर, पोषाक आदि विविध प्रकृतिका मूर्त सम्पदाहरू भेटिएका छन् भने ती मूर्त सम्पदाहरूसँग जोडिएका आख्यान, कथा, भजन, चुड्का, सबाइ, स्तुति आदि अमूर्त  सम्पदाहरू पनि भेटिएका छन् । यस क्षेत्रमा प्रत्यक्ष रुपमा उपस्थित प्राकृतिक एवं मानवनिर्मित मूर्त

सम्पदाहरूलाई ऐतिहासिक कालबाटै प्रयोगमा ल्याइएका र ती मूर्त सम्पदाहरूसँग सम्बन्धित अमूर्त सम्पदाहरू पनि पाइएको छ ।

**कास्कीकोट किल्लाः**

बाइसी चौबिसी राज्यका समयमा आफ्नो सुरक्षार्थ टाकुरे भुरे राजाहरू पहाडका चुचुरोमा चारैतिर किल्ला बाँधेर बस्थे। एकातर्फ भिर र अन्य तीनतिर अग्ला मजबुत ढुङ्गे पर्खाल बाहिर गहिरा खाडलहरु तयार गरेर उनीहरु सुरक्षित रहने प्रयास गर्थे । विशेषगरी रातको समयमा शत्रुहरूले आक्रमण गर्न नसकून् भनेर किल्लाका साँघुरा ढोकाहरू मजबुतसँग बन्द गर्दथे। त्यस्ता ढोकाका दुवैतर्फ नाङ्गा खुँडा तरवार लिएका पहरेदारहरू स्थापना गर्ने चलन थियो। कास्कीकोट किल्ला पनि त्यसैको एउटा उदाहरण हो। यसको उत्तरतर्फ भिरालो ढोकाबाट प्रवेश गरेपछि किल्ला भित्र पस्न सकिन्छ। सुरक्षाका दृष्टिकोणले यो किल्ला मजबुत किल्ला मानिन्थ्यो। किल्लाभित्र पाँच छ मिटरको गर्भगृहसम्मको सुरुङ छ भनेर भन्ने गरिन्छ।

**कास्कीकोट दरवारः**

बाइसी चौबिसीका समयदेखिबाटै कास्कीकोट दरबार अस्तित्वमा थियो । राजा गर्मीमा कास्कीकोट र जाडोमा लामाचौर बस्थे ।त्यसैले कास्कीमा ‘‘कहिले राजा लामाचौर कहिले राजा कास्की’’ भन्ने आहान चलेको थियो। राजदरबारलाई चारैतिरबाट किल्लाले घेरिएको हुन्थ्यो भने उत्तर दक्षिणतर्फ दुई पाखा भएको ढुङ्गा र इटाको पर्खालले बनेको नेपाली शैलीको घर नै दरबार थियो। कहिले ढुङ्गा र कहिले टिनका जस्ता पाताले छाइने गरेको कास्कीकोट वरपरका डाँडाकाँडाबाट छर्लङ्गै देखिन्छ।

**कास्कीकोट गुप्तकालिका र पर्व पूजा विधिः**

कास्कीकोट गुप्तकालिकाको प्रतिमा पुजारीबाहेक अन्य व्यक्तिले दर्शन गर्न हुन्न भन्ने मान्यता छ। पुजारीका अनुसार ढुंगामा देवीको मूर्ति कुँदिएको छ भने त्रिशुललाई ध्वजा पताका गरी देवीको स्थापना गरिएको छ र दैनिक रुपमा साँझ बिहान पुजारीहरुले धुपधुँवार गर्दै आएका छन् । वर्षको दुई पल्ट चैते दशैँ र बडा दशैँमा गरिने विशेष पूजामा भने यहाँ भव्य पञ्चबली र पूजाआजा हुने गर्दछ। चैते दशैंका एक दिन भाकल अनुसारका बोका, हाँस, कुखुरा, राँगोको बलि हुन्छ भने गुठी संस्थानबाट एक बोकाको व्यवस्था गरिएको हुन्छ। शरदकालीन बडा दशैंमा चाहिँ घटस्थापनाका दिनदेखि नवमीसम्म दैनिक विधिविधानका साथ पूजा हुने गर्दछ। प्रतिपदा, द्वितीया, तृतीया, चौथी, पञ्चमी, षष्टीदेखि टीकाका दिनसम्म देवीलाई प्रतिदिन एक बोका, एक हाँस, एक कुखुरा र एक राँगोको बलीका साथ पूजा गर्ने गरिन्छ। सप्तमीका दिन सराङ् खेलेर फूलपाती भित्र्याइन्छ भने अष्टमीका रातमा कालरात्री गरेपछि काटेको राँगोको धडलाई उत्तरतर्फको पाखोमा फ्याँकिन्छ। कालरात्री गरेर त्यसरी दरबारको उत्तरतर्फ पहराबाट तल वनमा फ्याँकिएको राँगोलाई बाघले प्रत्येक वर्ष खाने गर्छ भन्ने विश्वास गरिन्छ। रातमा देवीको वाहन बाघले त्यो राँगाको धड खाएछ भने त्यसवर्ष कास्कीमा सहकाल हुन्छ, बाघले राँगोलाई नखाएको खन्डमा कास्कीमा अनिकाल लाग्छ भनिन्छ । नवमीमा पनि देवीको पूजा गरेपछि रांगो बलि दिइन्छ, जुन चाहिँ दमैको डिलतिर फ्याँकिन्छ। विजयादशमीका दिनमा देवीलाई अक्षता जमरा चढाएपछि कास्कीकोट क्षेत्रमा दशैं फुक्छ।

कुलमण्डन शाहले बडा दशैंको फूलपातीका दिन घलेहरूका हातबाट कास्की राज्य आफ्नो हातमा पारेको हुनाले फूलपातीका दिनमा सराङ् खेल्ने, कास्कीकोट भगवतीको मन्दिरमा फूलपाती भित्र्याउने आदि कार्य गरिन्छ । कुलमण्डन शाहका अङ्गरक्षक नुवाकोटबाट आएका कुम्भे राना मगरले कास्कीका घले राजालाई मारेका हुनाले त्यस क्षेत्रमा निकै प्रचलित लयदार बालगायन चलेको छ , जुन यस प्रकार छ ः

टप टप टिपी लेतका दाना
परबाट आए कुम्भेराना
सिम्हिनी बघिनी ऐरा गैछ
ऐराबाट मुसामारी ल्याइछ
मुसा मैले चिललाई दिएँ
चिलले मलाई प्वाँख दियो
प्वाँख मैले आरनमा हालेँ
आरनले मलाई सियो दियो
सियो मैले दमैदाइलाई दिएँ
दमैदाइले मलाई टोपी दिए
टोपी मैले गोठालालाई दिएँ
गोठालाले मलाई घाँस दियो
घाँस मैले गाईलाई दिएँ
गाईले मलाई दुध दिइन्
दुध मैले गंगा डोलेँ
गंगाले मलाई सहर दिइन्
सहर मैले राजालाई दिएँ
राजाले मलाई घोडा दिए
घोडा गयो छड्की
म आए फर्की
घोडा गयो तिरै तिर
मैले खाए खिरै खिर
(स्रोत : ९२ वर्षीया छायाँदेवी दवाडीसँग लिइएको अन्तर्वार्ताबाट)

**फूलपातीका दिन खेलिने सराङ् खेल**

बडा दशैँको फूलपातीका दिन यहाँ खेलिने सराङ् खेलमा बाइसे चौवीसे राजारजौटाको समयमा गरिने युद्धाभ्यासको झझल्को आउने गर्दछ । विशिष्ट किसिमको ऐतिहासिक पृष्ठभूमिमा हुर्केको संस्कृति यहाँ देख्न पाइन्छ । फूलपातीका दिनमा स्थानीय कूँवर क्षेत्रीहरूले सराङ् खेल्दै गर्दा कोटका पूजाहार र स्थानीय ब्राह्मणहरूद्वारा गाइने भगवतीको मालश्री, नगर्चीहरूले बजाउने पञ्चेबाजा, गन्धर्वहरूले बजाउने सारङ्गी आदिले वातावरण नै रोमाञ्चक हुन पुग्दछ । वरिपरि गाउँका स्थानीय वासिन्दाहरू सराङ् खेल हेर्न यहाँ जम्मा हुने गर्दछन् । यसरी यस खेलमा विविध जनजातिहरूको प्रतक्ष्य संलग्नता देख्न पाइन्छ ।

नेपालका विभिन्न ठाउँहरूमा सराङ् (सरायँ)नाच्ने गरिन्छ । गुल्मी, अर्घाखाँची, प्युठान, पाल्पा आदि क्षेत्रमा सरायँ नाच्ने गरिएका प्रसङ्गहरु विभिन्न छापा लगायत सञ्चारका माध्यमहरूमा भेटिन्छन् । अर्घाखाँचीमा प्रचलित सरायँ नाचको अवलोकन एवं सहभागिताका लागि मानिसहरूको ठूलो जमघट हुने भएपनि कास्कीकोटको सराङ् खेलको प्रचारप्रसार किन नभएको होला भन्ने कुरा जिज्ञासाको विषय बन्न पुगेको छ । पोखरा जस्तो पर्यटकीय क्षेत्र यति नजिक भएर पनि यहाँ प्रचलित सराङ् खेल स्थानीय क्षेत्रमा मात्रै सिमित छ, देशव्यापी रुपमा चर्चा बटुल्न सकेको छैन । यहाँका विशिष्ट सांस्कृतिक सम्पदाहरूले पनि उचित सम्मान, चर्चा र महत्व पाएको देखिँदैन । कास्कीकोट र सराङ्कोट एकै पहाडका समतल उचाइका स्थल हुन् । विगतमा कास्कीकोटबाट सराङ् खेल्दै तेर्सै तेर्सो सराङ्कोट पुगेर फेरि कास्कीकोट फर्कने चौबिसे राज्य कास्कीका सैनिकहरुलाई यस खेलले युद्धाभ्यासको पर्याप्त अवसर उपलब्ध गराएको थियो (सुवेदी, २०६०) ।

कक्षपति (२००३) ले प्यूठान जिल्लाको डल्ले भन्ने ठाउँमा नाचिने सरायँ "डल्ले सरायँ"को चर्चा गरेकी छन् । नेपाल एकिकरणको क्रममा शाह राजाहरूले चन्द राजालाई लखेट्दै डल्लेमा लगेर मारेको घटनालाई आधार मानेर "डल्ले सरायँ" नाच शुरु भएको प्रसङ्ग उल्लेख गर्दै यसै सन्दर्भमा एक रमाइलो कथा पनि उनले उल्लेख गरेकी छन् भने शाह(२०६१) ले बडादशैंको सेरोफेरोमा अर्घा र खाँचीका कोत (कोट)हरूमा नाचिने या वाख्खै सरायँको चर्चा गरेका छन् । ऐतिहासिक पृष्ठभूमिलाई उल्लेख गर्दै मेधासी राज्यकालको लगभग तीन सय वर्षको युगभित्र दशैंको "सरायँ" शुरु भएको उनको तर्क छ । त्यसै गरी रायमाझी (२०८१)ले लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरूमा नाचिने सरायँ नाचका विषयमा विषद् चर्चा गरेकी छन् । मगर भाषाको 'सराङ्'बाट अपभ्रंस भएर 'सरायँ' भएको रहस्यलाई लेखिकाले उजागर गरेकी छन् । मगर भाषामा 'सराङ्' भनेको तरवार हो । हातमा तरवार नचाउँदै दशैं घर, कोट तथा शक्तिपीठहरुमा नवदुर्गाका बेलामा नाचिने सामूहिक नाचलाई उनले "सरायँ नाच" भनेकी छन् । विभिन्न मन्दिरहरू, कोटहरू र प्रसिद्ध ठाउँहरूमा नाचिने सरायँ नाचलाई लेखिकाले कर्णाली भेरीतिरको चमदाल खेल, गर्रा, गुरुबैसारी, लहरे वैसारी, डामाचाली सरौ खेलसंग मिल्दो जुल्दो भएको उल्लेख गरेकी छिन् । "सरायँ नाच" लाई दशैँमा खेलिने भए पनि डल्लेमा जाङ राजालाई जितेको विजयोत्सवका रूपमा "डल्ले सरायँ" तिहारपछि खेलिने गरेको कुरा उल्लेख गरिएको छ ।

गुल्मी जिल्लाको ईस्माकोट, मुसीकोट, धुर्कोट, पुर्कोट, चन्द्रकोट, मानकोट, छत्रकोट, अर्जेकोट लगायतका कोटहरूमा पञ्चेबाजाको तालमा "सरायँ नाच" नाच्दै गर्दा बुढापाकाहरूले मालश्री गाउने गर्दछन् । यसरी अर्घाखाँची, गुल्मीबाट सरायँ नाचको संस्कृति विस्तार हुँदै स्याङ्जा, बागलुङ, रुपन्देही, प्यूठान,कपिलबस्तु, पाल्पासम्म पुगेको छ। सरायँको बिचबिचमा आलम नचाउने चलन छ । आलम भनेको देवीको झण्डा हो ।

कास्कीकोटमा चाहिँ गुप्तकालिकालाई फूलपाती अर्पण गर्ने दिन आश्विन शुक्ल सप्तमी अर्थात फूलपातीका दिनमा कास्कीकोटबाट गाजा बाजा सहित पूजारीहरू तलको मौलो अगाडिको धुपीचौरमा गएर मालश्री गाउने र स्थानीय कुँवर क्षत्रीहरूले सराङ् खेल्ने गर्दछन् । अहिले फूलपातीका दिनमा कास्कीकोटमा जम्मा भएका कुँवर क्षेत्रीहरूले कास्कीकोटमा सराङ खेल्दै तल भूपीचौरमा फूलपातीको डोलीलिन जाँदा उत्तर मध्यकालका सैनिक तालिमको झल्को आउँछ । राजा कुलमण्डन शाहले बडादशैँको फूलपातीका दिनमा कास्की राज्यलाई आफ्नो अधिनमा पारेका हुनाले पनि फूलपातीका दिनमा नै सराङ खेल्ने परिपाटी चलेको हुनुपर्छ ।

फूलपातीका दिनमा कास्की कुँवर गाउँ र खड्का गाउँका कुँवरहरू आ–आफ्ना हातहतियारहरू, ढाल, तरवार, खुँडा, खुकुरी, भाला, वर्छा लिई मध्यान्हमा कास्कीकोटमा जम्मा हुन्छन् । देवीलाई बलि दिएको बोकाको रगतमा हात चोप्न लगाएर पूजारीले सोही रगतमा मुछिएको अक्षताको टीको लगाइदिएर उनीहरूलाई काजीको पदमा नियुक्त गर्दछन् । यसपछि उनीहरू एक अर्कामा तरवार प्रहार गर्दै र ढालले तरवारको प्रहारबाट जोगिँदै युद्धको अभिनय गर्न थाल्छन् । मध्यान्ह पूजा सम्पन्न भएपछि

धुपीचौरमा फूलपातीको डोली लिन जाने क्रम शुरु हुन्छ । पुजारी,नगर्ची र सर्वसाधारणका साथमा सराङेहरू सराङ् खेल्दै कोटबाट झर्ने गर्दछन् । धुपी चौरमा पुगेपछि पांडापूजारी र स्थानीय ब्राह्मणहरूले मालश्री गाउँछन्, नगर्चीहरुले पञ्चे बाजा बजाउँछन् भने कुँवर काजीहरूले सराङ् खेल्न थाल्छन् । वरिपरि थुप्रै सङ्ख्यामा दर्शकहरू सराङ्को आनन्द लिइरहेका हुन्छन् । घाम डॉडामा पुगेपछि आधि घाम डाँडामा, आधि घाम डुबेपछि पोखराबाट ल्याएको फूलको रातो डोलीलाई रातै कपडा लगाएका राना मगरहरूले मालश्री गाइरहेको ठाउँमा ल्याउँछन् । देवीको फूलको डोलीको आरती र धूपधुँवार भएपछि फूलको डोलीलाई ब्राह्मण, सराङ्खेल्ने योद्धा र पूजारीहरूले परिक्रमा गर्दछन् भने ठूलो टपरीमा बल्दै गरेको आरतीलाई डोलीले छोएर निभाइन्छ । यसरी ’भूतबलि’ गरेपछि फूलको डोलीलाई कालिकाको मन्दिरमा लैजान ढिला गर्नुहुँदैन । सराङ्गेहरूले बिचमा पारेर डोलीको रक्षा गर्दै कास्कीकोटतिर उक्लने क्रम शुरू हुन्छ । मौलाको ढुङ्गामा पुगेपछि भने सराङ्गेहरूले डोलीको बाटो छेक्छन् । मुखिया जिम्मावालहरूले चारपैसा र एउटा बोका चढाएपछि बाटो छोडिदिन्छन् ।

कास्कीकोटगुप्तकालिका कास्कीकोट क्षेत्रकै आराध्य देवी हुन् । मनले चिताएको कुरा पूरा होस् भनेर कास्कीकोट क्षेत्रका मानिसहरुले देवीको भाकल गर्ने र चैतेदशैं अनि बडादशैंका पर्वहरूमा बलि अर्पण गर्ने चलन पनि यो क्षेत्रमा व्यापक छ । विशेष गरी बडादशैंको फूलपातीमा देवीको बढाई गर्ने र सराङ् खेल्ने चलन यस क्षेत्रकै विशिष्ट चलन हो ।

कास्कीकोटको सराङ् खेल नेपालका अन्य क्षेत्रमा नाचिने ’सरायँ’ नाचभन्दा तल दिइएका आफ्नै विशिष्ट विशेषताहरूले गर्दा भिन्न छ ।

कास्कीकोटको सराङ्का सहभागीहरू केवल कुँवर क्षेत्रीहरू मात्रै हुन्छन् । अन्य जात, थर वा वर्णका मानिसहरू यसमा सहभागी हुन पाउँदैनन् । कुँवर क्षेत्रीहरूका लोग्ने मानिसहरू आ–आफ्ना ढाल तरवार लिएर कास्कीकोट पुगेपछि बलि दिएको बोकाको रगतमा मुछिएको अक्षता लगाएपछि काजी कहलिन्छन् । त्यसरी नियुक्त भएका काजीहरू मात्रै यहाँको सराङ् खेल्नयोग्य हुन्छन, अन्यथा हुँदैनन् । जबकि अन्य ठाउँमा लोग्नेमानिस, स्वास्नी मानिस, केटाकेटी जो कोही पनि सरायँ नाचमा सहभागी हुन पाउँछन् ।

कास्कीकोटमा खेलिने सराङ्गे खेल केवल बडादशैँको फूलपातीका दिनमा कास्कीकोट प्राङ्गण, धूपिचौर आउने बाटो र धूपिचौरमा मात्रै खेलिन्छ, अरू समयमा र अरु ठाउँमा खेलिँदैन । नेपालका अन्य ठाउँका ’सरायँ नाच’ भिन्न भिन्न समयमा भिन्न भिन्न ठाउँमा नाचिन्छन् ।

कास्कीकोटको यस खेलको नाम ’सराङ’ छ र यो मगर भाषाको ‘सराङ’ शब्दको हुबहू अर्थदिने रूप हो । मगर भाषामा सराङ् भनेको तरवार हो । ढाल तरवारको युद्ध अभिनय भएको हुनाले यसको नामाकरण ’सराङ् खेल’ राख्नु उपयुक्त छ । तर अन्य ठाउँमा चाहिं ’सराङ’ शब्दको अपभ्रंस भएर सरायँ भन्न थालियो ।

सराङ खेल्न कास्कीकोटमा उपस्थित भएका कुँवर क्षेत्रीहरूका भागमा बोकाको गुठीको व्यवस्था हुन्छ । फूलपातीको डोली कास्कीकोटमा ल्याउँदै गर्दा बाटो छेकेका कुँवरहरुलाई अमाली बस्नेतहरूले बोका टक्र्याउँछन् अनि मात्रै देवीको फूलको डोली कोटमा लग्न पाइन्छ ।

यसरी कास्कीकोटको सराङ खेलले आफ्नै निशिष्ट पहिचान बोकेको छ । शाहवंशको मूल थलो कास्की र कुलदेवी कास्कीकोटगुप्तकालिकाको ऐतिहासिक तथा सांस्कृतिक गौरवलाई यस सराङ खेलले थेगिरहेको छ । अन्य क्षेत्रमा खेलिने ’सरायँ नाच’ मा आफूखुशी नाच्ने र आफूलाई मन लागेको ठाउँमा ‘‘सरायँ’’ आयोजना गर्ने रोग लागेको छ भने कास्कीकोटको ‘‘सराङ‘‘ नितान्त नियम, पद्धति र ठाउँमा आवद्ध छ । वडादशैंको फूलपातीका दिन मात्रै, केवल कुँवर क्षेत्रीहरुले मात्रै अनि कास्कीकोट भगवतीको दरवार, मौलो र धुपीचौरमा मात्रै खेलिने यो खेलको प्रचार, प्रसार र जानकारी भने वाह्य संसारलाई पनि हुनु जरूरी छ ।

**निष्कर्ष तथा सुझावहरू**

पर्यटकीय नगरी पोखराबाट छोटो दूरीमा रहेर पनि कास्कीकोट बाहिरका स्वदेशी तथा विदेशी पर्यटकहरू, पदयात्री साहसिक रोमान्चक खेलमा रुचि राख्नेहरुका माझ अपरिचित नै रहेकोले प्रचारप्रसारको खाँचो छ । यस ऐतिहासिक सम्पदाको जानकारी सबैलाई गराउन आवश्यक देखिएको छ । अहिले आएर स्थानीय तह यस कार्यका लागि सक्रिय हुँदै आएको देखिएको छ । धेरै मानिसहरूलाई शाहवंशको उद्गम बिन्दु कास्कीकोट हो भन्ने तथ्य समेत थाहा छैन । नेपाल पर्यटन बोर्ड, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सरकारी, नीजि एवं सार्वजनिक संस्था, नागरिक समाज जस्ता निकायहरूबाट सरकारी प्रयासका साथमा यस क्षेत्रको ऐतिहासिक एवं सांस्कृतिक महत्वका सामग्रीहरूको प्रचारप्रसारमा जोड दिनुपर्छ ।

यस क्षेत्रमा संभावना रहेको साहसिक तथा रोमाञ्चक खेलहरू जस्तै रक क्लाइम्बिङ, प्याराग्लाइडिङ, साइक्लिङ् आदिको आयोजना गरेर पर्यटकहरूलाई आमन्त्रण एवं आकर्ण गर्न सकिन्छ ।

यस क्षेत्रकै विशिष्ट र ऐतिहासिक खेल सराङ्को प्रचारप्रसारमा जोड दिनुपर्छ । पश्चिम नेपालको गुल्मी अर्घाखाँचीमा चाहिँ खुब लोकप्रिय र प्रसिद्ध भएको तर कास्कीकोटमा चाहिँ सराङ् खेलले उचित प्रचारप्रसार नपाएको सन्दर्भमा श्रव्य दृश्य सामग्रीहरूमा यसको जानकारीमूलक भिडियोहरू प्रसारण गर्नुपर्दछ ।

कास्कीकोटको दक्षिणमा रहेको पामे– माझथुम्कीबाट कास्कीकोटसम्मको पैदल यात्राको प्याकेजहरू बनाउन सकिन्छ । पदयात्रीहरूका लागि यो प्याकेज खुब रोमाञ्चक र नयाँ स्वाद चखाउने खालको हुन सक्छ । लेकमा बसेर बेँसीमा खेतीपाती गर्ने र दैनिक रुपमा उकालो ओरालो गर्नका लागि बनाइएका ढुङ्गेनी सिँढीहरूको मर्मत सम्भार गर्ने, विश्राम स्थलको व्यवस्था गर्ने साथै कास्कीकोटलाई केन्द्रबिन्दु बनाएर कास्की जिल्लाले "घुमौं कास्कीकोट" प्याकेज ल्याउन सक्छ ।

**सन्दर्भ सामग्रीसूची**

**प्राथमिक स्रोत**

दवाडी, छायादेवीसँग मिति २०८२ श्रावण २४ गते जनै पूर्णिमाका उहाँकै आवासमा लिएएको अन्तर्वार्ता अनुसार । ९२वर्षकी उहाँको घर कास्कीकोटभन्दा तल मौलोभन्दा माथि कास्कीकोट जाने ढुङ्गेसिँढीको दाहिनेपट्टि पर्दछ ।

सुवेदी, राजारामसँग मिति २०८२ श्रावण ११गते कीर्तिपुरस्थित उहाँकै आवासमा लिइएको अन्तर्वार्ता । प्रा.डा. सुवेदी सेवानिवृत्त प्राध्यापक, लेखक, अनुसन्धाता तथा इतिहासकार हुनुहुन्छ ।

अधिकारी, भोलानाथसँग मिति २०८२ श्रावण २३ गते शुक्रवारका साँझमा प्रत्यक्ष कुराकानीबाट कास्कीकोटको वर्तमान वस्तुस्थितिको जानकारी लिइएको । उहाँ कास्कीकोटसँगै रहेको खड्गामकोटका पूजारी हुनुहुन्छ भने कास्कीकोट गुन्टेचौरका स्थानीयवासी हुनुहुन्छ ।

**सहायक स्रोतहरू**

कक्षपति, सावित्री. (२०४३, असार). "प्युठानको डल्ले सरायँ",गरिमा, वर्ष ४, अङ्क ७, पृ.२८

रायमाझी, बिजुला (२०८१). सांस्कृतिक नाच सराएँ. ृअनुसन्धान प्रतिवेदने. काठमाडौः नेपाल प्रज्ञा प्रतिष्ठान

शाह, विरेन्द्र (२०६१). वाखै (सरायँ)ः एक चर्चा.अर्घाखाँचीको चिनारी.काठमाडौंः अर्घाखाँची सम्पर्क सदन

सुवेदी, राजाराम. (२०६०). कास्कीराज्यको इतिहास. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार